नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा आज सिंहदरबारस्थित राष्ट्रिय योजना आयोगको सभाकक्षमा आयोग र दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिको संयुक्त बैठक सम्पन्न भयो । बैठकमा आयोगका माननीय उपाध्यक्ष र माननीय सदस्यहरुको उपस्थिति रहेको थियो । बैठकमा विशेष आमन्त्रितका रुपमा माननीय उपप्रधानमन्त्रीहरु, माननीय मन्त्रीहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार, परराष्ट्र सल्लाहकार र नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्षको सहभागिता रहेको थियो । बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवको पनि उपस्थिति रहेको थियो ।

बैठकको शुरुवातमा आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालले सम्माननीय प्रधानमन्त्रीज्यूलाई बैठकको अध्यक्षता ग्रहणका लागि अनुरोध गर्दै सबै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । बैठकमा आयोगका तर्फबाट तीनवटा प्रस्तुति रहेका थिए । पहिलो प्रस्तुति आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेलबाट भएको थियो । उक्त प्रस्तुतिकरण अबको २५ वर्ष अवधि समेट्ने गरी आयोगले तयार गरिरहेको 'नेपालको दीर्घकालीन सोच वि.सं. २१००' र उक्त सोचपत्रका रणनीतिहरुका आधारमा आगामी पाँच वर्षको अवधिका लागि कार्यान्वयनमा ल्याइने 'पन्ध्रौं योजना' तर्जुमा सम्बन्धमा हालसम्म भएका कार्य र भावी कार्ययोजनाका बारेमा केन्द्रित रहेको थियो ।

त्यसैगरी, बैठकमा दोस्रो प्रस्तुति आयोगका माननीय सदस्य डा. कृष्ण प्रसाद ओलीले गर्नुभएको थियो । उहाँको प्रस्तुतिको विषयवस्तु वि.सं. २०७२ देखि वि.सं. २०८७ (सन् २०१५-२०३०) सम्ममा हासिल गर्नेगरी विभिन्न १७वटा लक्ष्यहरु सहित संयुक्त राष्ट्र संघको तत्वावधानमा विश्वव्यापीरुपमा १९३ राष्ट्रहरुले अनुमोदन गरी कार्यान्वयनमा ल्याइएको दिगो विकासका लक्ष्यहरु लाई नेपालले पनि नतिजामूलक ढङ्गमा कार्यान्वयनमा लैजान 'दिगो विकास लक्ष्यको आवश्यकता आँकलन, लागत अनुमान तथा वित्तीय रणनीति' सम्बन्धी प्रतिवेदन तयारीका सम्बन्धमा रहेको थियो ।



फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np

बैठकमा आयोगका माननीय सदस्य डा. रामकुमार फुयालले तेस्रो प्रस्तुति गर्नुभएको थियो । नेपाल सरकारको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा नं. २० मा उल्लेखित "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने नीतिको कार्यान्वयन गर्न आयोगले तयार गरिरहेको राष्ट्रिय तथ्यगत विवरण सम्बन्धमा रहेको थियो । यस राष्ट्रिय तथ्यगत विवरण प्रणाली तीनै तहका सरकारहरूको स्वामित्व रहने गरी पूर्ण अनलाइन प्रणालीमार्फत् तथ्याङ्कको आदानप्रदान तथा उपयोग हुनसक्ने गरी तर्जुमा भैरहेको उहाँले बताउनु भयो ।

प्रस्तुति पश्चात् बैठकको अध्यक्षता गरिरहनुभएका सम्माननीय प्रधानमन्त्रीज्यूबाट छलफलका लागि आह्वान गर्नुभए सँगै उल्लिखित प्रस्तुतिमा समेटिएका विषयवस्तुमाथि छलफल भएको थियो ।माननीय उपप्रधानमन्त्री तथा माननीय मन्त्रीहरुले सुझाव प्रस्तुत गर्नुभएको थियो । आयोगका माननीय उपाध्यक्षले बैठकमा उठेका विषयवस्तुबारे स्पष्ट पार्नुभएको थियो ।

बैठकले देहाय बमोजिमका निर्णयहरु समेत गरेको छ । नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१) को तयारी सन्दर्भमा विषय क्षेत्रगत मन्त्रालयबाट पूर्ण अपनत्व लिई राष्ट्रिय योजना आयोगलाई सहयोग गर्ने । राष्ट्रिय योजनाका आधारमा प्रदेश र स्थानीय तहले आ-आफ्नो कार्यक्षेत्र भित्र योजना बनाउने । आगामी माघ मसान्तभित्र राष्ट्रिय विकास परिषद्बाट अनुमोदन गर्ने गरी पन्ध्रौं योजनाको आधारपत्र तयारीको कार्य अगाडि बढाउने ।
त्यसैगरी, दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति बारे बैठकमा प्राप्त सुझाव समावेश गरी परिमार्जनसहित स्वीकृत गर्ने । दिगो विकास लक्ष्यको वित्तीय आवश्यकता आँकलन, लागत अनुमान तथा वित्तीय रणनीतिलाई नेपालको दीर्घकालीन सोच, वि.सं. २१००, पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१), मध्यमकालीन खर्च संरचना र आगामी बजेट तथा कार्यक्रम तर्जुमामा क्रमशः आन्तरिकीकरण गर्दै जाने । साथै, २०७५ साल फागुन मसान्तभित्र राष्ट्रिय तथ्यगत विवरण तयार गर्ने, २०७६ आषाढ मसान्तसम्ममा राष्ट्रिय तथ्यगत विवरणको प्रणाली विकास गरी सञ्चालनमा ल्याउने र क्रमशः खुला तथ्याङ्क (Open Data) प्रणालीका रूपमा विकास गर्ने ।



फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

बैठकको अन्त्यमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूबाट आयोगलाई मार्गनिर्देशन दिंदै "**समृद्ध नेपाल, सुखी नेपाली**" को बृहत राष्ट्रिय लक्ष्य हासिल गर्न सबैलाई आ-आफ्नो कर्तव्य एवम् जिम्मेवारी देश र जनतालाई सम्झी कुशलतापूर्वक निर्वाह गर्न निर्देशन दिनुभयो ।

उहाँले आगामी योजना नेपालको विकास र समृद्धिको प्रस्थान विन्दु हुने बताउँदै अव बन्ने योजनाले हामी कहाँ छौं ? कुन अवस्थामा छौं ? र कुन विधि अपनाएर कहाँ पुग्ने भन्ने निक्यौंल गर्नुपर्ने बताउनुभयो । अब बन्ने योजना पूर्ण योजना बन्ने र सम्पूर्णतामा कार्यान्वयन हुने गरी लक्ष्य, सूचकहरु निर्धारण गर्न र तीनै तहका सरकारले कार्यान्वयन गर्ने गरी योजना तर्जुमा गर्न उहाँले निर्देशन दिनुभयो । साथै दिगो विकास लक्ष्य मैत्री योजना तर्जुमा गर्न समेत निर्देशन दिनुभयो ।

निर्देशनका क्रममा उहाँले प्राकृतिक र मानव स्रोतको समुचित प्रयोगबाट सम्पन्नता प्राप्त गर्न सकिने भएकाले उपलब्ध सम्भावनाहरुको पहिचान गरी त्यसको प्रयोग गर्न सक्ने मानवीय सामर्थ्यको विकास गर्नुपर्ने, विकास र समृद्धि राष्ट्रिय सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितहरुको रक्षासँग अनोन्याश्रितढङ्गले जोडिएको हुँदा लोकतान्त्रिक प्रणाली र सुशासनलाई प्राथमिकतामा राखी आर्थिक समृद्धिको बाटो कोर्नुपर्ने बताउनुभयो । साथै उहाँले राष्ट्रिय नीतिमा स्पष्टता र स्थिरता कायम भएकोले लगानी गर्ने वातावरण तयार भएको, नेपालमा संघीय लोकतान्त्रिक प्रणाली संस्थागत भैसकेकोले कार्यान्वयन प्रकृयामा सरलीकरण गरी सुशासन अभिवृद्धि गर्ने सबै क्षेत्रमा तिव्रताका साथ आधुनिकीकरण र यान्त्रिकीकरण गर्ने योजना बनाउने निर्देशन दिनुभयो ।

(राधाकृष्ण प्रधान)
प्रवक्ता
राष्ट्रिय योजना आयोग

मितिः २०७५ मङसिर २१ गते, शुक्रबार

नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७–२०८०/८१) को आधारपत्र सम्बन्धी अवधारणापत्र तलको लिङ्कमा राखिएको छ ।

https://www.npc.gov.np/en/category/news_notices



फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np